# समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तरविरोध

## २०७९ को निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्था विश्लेषण



# समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तरविरोध

२०७९ को निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्था विश्लेषण

DIGNITY INITIATIVE

नीति-पत्र

# समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तरविरोध

२०७९ को निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्थाको विश्लेषण

**लेखक**
जेबी विश्वकर्मा

**अनुसन्धाता**
रूप सुनार
अर्जुन बहादुर विक
मञ्जिता परियार

**प्रकाशन मिति**
वि.सं. २०८०

**सर्वाधिकार** © डिग्निटी इनिसियटिभ

**प्रकाशक**
डिग्निटी इनिसियटिभ
काठमाडौं-३२, अनामनगर
काठमाडौं, नेपाल
सम्पर्क नः ०१-५७०५०९९
इमेलः info@dignityinitiatives.org
वेबसाइटः www.dignityinitiatives.org

यस संस्थाको पूर्व स्वीकृतिबिना यो नीतिपत्रलाई वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पूनः उत्पादन एवम मुद्रण गर्न वा कुनै पनि मध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक वा शैक्षिक प्रयोजनका सन्दर्भमा भने स्रोत खुलाई आवश्यक अंश साभार गरी प्रयोग गर्न सकिनेछ ।

# नीति–पत्रबारे

नेपालमा समाज अध्ययनका विभिन्न पक्षबारे अध्ययन-अनुसन्धान हुँदै आइरहेको भए पनि जातव्यवस्था र यसका सिर्जित बहुआयमिक सवालबारे पर्याप्त मात्रामा अध्ययन-अनुसन्धान भएका छैनन् । जातव्यवस्थाका कारण दलित समुदाय ऐतिहासिकरूपमा राजनीतिक बहिस्करण, आर्थिक शोषण र बञ्चितीकरणका साथै छुवाछूत-भेदभाव र अपमानजस्ता गम्भीर सामाजिक-सांस्कृतिक विभेदमा पारिएका छन् । यस किसिमको अर्थ-राजनीतिक व्यवस्थाका कारण दलित र सिमान्तीकृत समुदायले भोग्नु परेका समस्या, तिनका कारण र मुक्तिका लागि गरिएका संघर्ष, उपलब्धी र चुनौतीजस्ता विषयमा अध्ययन-अनुसन्धान गर्ने, सार्वजनिक बहसमार्फत प्रभुत्वशाली र विभेदकारी भाष्यलाई चुनौती दिने र न्याय प्राप्तिको आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यले डिग्निटी इनिसियटिभको स्थापना भएको हो । अनुसन्धाता, लेखक र अभियान्ताको सक्रियतामा स्थापित यस संस्थाले दलित र सिमान्तीकृत समुदायका सवालमा ज्ञान उत्पादनका साथै आलोचनात्मक समूह तयार पार्ने, राज्य र सरोकारवाला निकायले तयार पारेका नीतिको समीक्षा र विश्लेषण गर्ने र नीतिगतरूपमै दलित र सीमान्तीकृत समुदायको अधिकार स्थापित गर्न पैरवी र वकालत गर्नेजस्ता क्रियाकलाप गर्दै आइरहेको छ ।

पितृसत्ता र जातव्यवस्था नेपाली समाजको प्रमुख र आधारभूत चरित्र हो । यहाँ मूलतः जातजाति, लिङ्ग र भाषिक-सांस्कृतिक र धार्मिक आधारमा लामो समयदेखि विभेद र बहिस्करण हुँदै आइरहेको छ । यस किसिमको बहिस्करण र विभेदको अन्त्य गर्दै सामाजिक न्यायमा आधारित लोकतान्त्रिक सामाजिक-राजनीतिक व्यवस्था निर्माणका लागि नेपालमा राज्यको पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिएको हो । यसरी स्थापित संघीयताको मूल मर्म राज्यमा जनताको सहज पहुँच स्थापना गर्नु, राज्यसत्तामाथि निश्चित जात र समुदायको एकाधिकारवादी वर्चश्वको अन्त्य गर्दै समावेशी लोकतन्त्रको अभ्यास र सबै किसिमका उत्पीडत र विभेदको अन्त्य गर्नु थियो । नेपाली राज्यमा लामो समयदेखि रहँदै आएको एकल जातीय प्रभुत्वका कारण दलित र उत्पीडित समुदायको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायबाट बहिस्करणमा पारिए । त्यसैले राज्यमा सबै समुदायको प्रतिनिधित्व र अपनत्व सुनिश्चितताका लागि भएका राजनीतिक र विभिन्न सामाजिक आन्दोलनका कारण नेपालमा समानुपातिक समावेशी सिद्धान्तलाई राजनीतिक र संवैधानिकरूपमा स्वीकार गरिएको छ । संविधानसभाबाट जारी नेपालको संविधान, २०७२ ले

राज्यका सबै नीति निर्माण गर्ने निकायमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, थारू र मुस्लिमलगायत समुदायको समानुपातिक प्रतिनिधित्वको अधिकार समावेश गरेको छ । बहिस्करणमा पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि संवैधानिकरूपमै पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्वसहितको मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । यसरी नयाँ संविधान जारी भएपछि नेपालमा २०७४ र २०७९ मा गरी दुईपटक प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सम्पन्न भएका छन् । संवैधानिक र कानुनीरूपमा समानुपातिक समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई स्वीकार गरिएका कारण ती निकायमा दलित र सिमान्तीकृत समुदायको प्रतिनिधित्व त भएको छ तर संवैधानिक र राजनीतिक प्रतिबद्धताविपरित प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा खसआर्यकै वर्चश्वले निरन्तरता पाएको छ । त्यसैले डिग्निटी इनिसियटिभले २०७९ को निर्वाचनमा राजनीतिक र संवैधानिकरूपमा स्वीकार गरिएको समानुपातिक सिद्धान्तको अभ्यास निर्वाचन परिणामबीचको अन्तर्द्वन्द्वको विश्लेषण गर्न आवश्यक ठानेकोले यो नीति-पत्र तयार पारेको हो । यस नीति-पत्रले २०७९ को निर्वाचनबाट निर्वाचित दलित, महिला र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको तस्वीर देखाएको छ । यहाँ समानुपातिक समावेशी सिद्धान्तको अभ्यास र निर्वाचन परिणामबीच भएका अन्तरविरोधको समीक्षाका साथै त्यसका कारण पनि चर्चा गरिएको छ । यो अध्ययनले नेपालको समानुपातिक सामावेशीकरणको अवस्थाबारे बृहत सार्वजनिक बहस निर्माण गर्न र आवश्यक सुधारका लागि सरोकारवालालाई सहयोग पुऱ्याउने आशा डिग्निटी इनिसियटिभले राखेको छ ।

# समानुपातिक समावेशी सिद्धान्त र निर्वाचन परिणामबीचको अन्तरविरोध

## २०७९ को निर्वाचनमा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्था विश्लेषण

### पृष्ठभूमि

नेपालमा राज्यका मुख्य र शक्तिशाली पदमा मूलतः खसआर्य समुदायको वर्चश्व रहँदै आएको छ भने अन्य समुदाय ऐतिहासिकरूपमा राज्यबाट संचनागतरूपमै बहिस्करणमा पारिँदै आएका छन् । विशेषगरी खसआर्य समुदायले राज्यसत्तामाथि निरन्तररूपमा एकाधिकार कायम राख्दै आएको छ भने बहुसंख्यक जनसंख्यामा रहेका आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिम र अन्य सीमान्तीकृत समुदायलाई राज्य संयन्त्रबाट निरन्तर बहिष्करणमा पारिएका छन् । नीति निर्माण गर्ने स्थानमा यी समुदाय बहिस्करणमा पारिएका कारण उनीहरूले आफ्नो जीवनलाई प्रभावित पार्ने वा आवश्यक पर्ने कानुन, नीति र नियम निर्माण गर्ने क्रममा सशक्त आवाज उठाउन सकिरहेका छैनन् । २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा दलित समुदायको जनसंख्या १३.८ प्रतिशत रहेको छ । यो समुदाय ऐतिहासिकरूपमा चरम विभेद र बहिस्करणमा पारिएका छन् । महिला र अन्य सीमान्तीकृत समुदायले जस्तै दलितले पनि लोकतान्त्रिक राजनीतिक व्यवस्था स्थापनाका लागि संघर्ष गर्दै आइरहेको दलित समुदायले निर्वाचनमार्फत आफ्नो समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग बिगत लामो समयदेखि उठाइरहेका छन् ।

लोकतान्त्रिक राजनीतिक व्यवस्था स्थापनाका लागि भएका विभिन्न सामाजिक-राजनीतिक आन्दोलनको प्रतिफलस्वरूप संविधानसभामार्फत नेपालको संविधान, २०७२ जारी भयो । उक्त संविधानको प्रस्तावनामा राज्य संरचनामा सबै समुदायको समानुपातिक प्रतिनिधित्व गरिने सवाललाई सैद्धान्तिकरूपमै स्वीकार गरिएको छ । यसैगरी ती व्यवस्थाको कार्यान्वयनमार्फत सामाजिक न्याय सुनिश्चित गर्ने र सबै प्रकारका विभेदको अन्त्य गर्ने परिकल्पना पनि गरिएको छ । संविधानको धारा

४२ मा सामाजिक न्यायको हकसम्बन्धी व्यवस्था गरिएको छ, जसले सबै समुदायलाई राज्यका समग्र निकायमा समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरेको छ । मूलतः समानुपातिक समावेशी प्रतिनिधित्वको सिद्धान्त राज्यसत्तामा रहँदै आएको खसआर्य एकाधिरको अन्त्य गर्दै समावेशी लोकतन्त्र स्थापनाका लागि ल्याइएको हो ।

संविधानसभालाई समावेशी बनाउनका लागि नेपालको अन्तरिम संविधान, २०६३ मा मिश्रित निर्वाचन प्रणाली अपनाइयो । उक्त प्रणालीअन्तर्गत जम्मा संविधानसभा सदस्य संख्यामध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ४० प्रतिशत र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट ६० प्रतिशत निर्वाचित भएका थिए । यसरी मिश्रित निर्वाचन प्रणाली अपनाइएका कारण पहिलो र दोस्रो (२०६४ र २०७०) संविधानसभामा सीमान्तीकृत समुदायको प्रतिनिधित्व बढेको थियो । तर, यहाँ ध्यान दिनै पर्ने कुरा के छ भने संविधानसभाबाट जारी नेपालको संविधान, २०७२ मा अन्तरिम संविधानको भावना विपरित समानुपातिक प्रतिनिधित्व प्रणालीमा खसआर्य (बाहुन, क्षेत्री, दशनामी, ठकुरी) समुदायलाई पनि आरक्षण दिने व्यवस्था गरिएको छ भने समानुपातिक प्रतिनिधित्व प्रणालीतर्फको सिट संख्या ६० प्रतिशतबाट घटाएर ४० प्रतिशतमा झारिएको छ ।

नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार हुने संवैधानिक व्यवस्था छ । सोही व्यवस्थाअनुसार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मिश्रित प्रणालीमार्फत गरिन्छ[१] । यसरी निर्वाचितमध्ये ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन् । स्थानीय तहको निर्वाचन भने पहिलो हुने निर्वाचित हुने प्रणालीबाटै गरिने व्यवस्था छ । यद्यपि, स्थानीय तह निर्वाचन ऐन, २०७३ मा प्रत्येक वडामा एकजना महिला र एकजना दलित महिला निर्वाचित हुनै पर्ने र स्थानीय तहको कार्यपालिकामा पनि दलित तथा सीमान्तीकृत समुदायको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ ।

२०७२ मा नयाँ संविधान जारी भएपछि २०७४ र २०७९ मा गरी दुईओटा निर्वाचन सम्पन्न भइसकेका छन् । यो नीतिपत्र भने २०७९ को निर्वाचनमा निर्वाचित दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वको सवालमा मात्रै केन्द्रित छ । नेपालमा संघीयताको अभ्याससँगै राज्यका नीति-निर्माण गर्ने मुख्य स्थानमा ऐतिहासिकरूपमा बहिस्करणमा पारिएका समुदायको प्रतिनिधित्वको अवस्था कस्तो छ भन्ने बुझ्नका लागि यो नीतिपत्र महत्त्वपूर्ण हुने विश्वास गरिएको छ ।

यस नीतिपत्रको सुरूमा प्रतिनिधिसभाको निर्वाचन परिणामको विश्लेषण गरिएको छ । यो खण्डमा २०६४ देखि २०७९ सम्मका निर्वाचनमा विभिन्न समुदायको ऐतिहासिक प्रतिनिधित्व र प्रवृत्तिको समीक्षा गरिएको छ । त्यसपछि प्रदेशसभामा सीमान्तीकृत समुदायको प्रतिनिधित्वको अवस्था विश्लेषण गरिएको छ । यो खण्डमा सातओटै प्रदेशमा उनीहरूको प्रतिनिधित्व तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी अर्को खण्ड स्थानीय तहमा विभिन्न जातजातिको प्रतिनिधित्वको सवालमा केन्द्रित छ । यस खण्डमा सातओटै प्रदेशको स्थानीय तह र तिनका मुख्य पदमा विभिन्न सामाजिक समूहको प्रतिनिधित्वको अवस्थासम्बन्धी तथ्याङ्कका साथै विश्लेषण समावेश गरिएको छ । त्यसपछिको खण्डमा दलित र सीमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व हुन नसक्नुमा राजनीतिक दलको संरचना र उमेद्वारको छनौट समितिजस्ता निकायको भूमिकाबारे चर्चा गरिएको छ । नीतिपत्रको अन्त्यमा निष्कर्ष र सरोकारवालाका लागि सुझाब प्रस्तुत गरिएको गरिएको छ ।

१ संघीय संसदको माथिल्लो सदन राष्ट्रिय निर्वाचन निर्वाचन भने निर्वाचक मण्डलबाट हुने गर्दछ ।

## प्रतिनिधिसभामा दलित तथा सीमान्तीकृत समुदायको प्रतिनिधित्व

माथि चर्चा गरिएजस्तै प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्वसहितको मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ । सोहीअनुरूप प्रतिनिधिसभाका २७५ सदस्यमध्ये १६५ जना (६० प्रतिशत) पहिलो हुने निर्वाचन हुने प्रणाली र बाँकी ११० जना (४० प्रतिशत) समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन् । यसरी मिश्रित निर्वाचन प्रणालीमार्फत निर्वाचित गरिएका कारण प्रतिनिधिसभामा केही हदसम्म दलित, महिला तथा सीमान्तीकृत समुदायको प्रतिनिधित्व बढेको छ (हेर्नुहोस् तालिका १) ।

**तालिका नं. १ : विभिन्न जातजातिबाट पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट प्रतिनिधिसभामा निर्वाचत सदस्य संख्या**

| जातजाति | पहिलो हुने निर्वाचित हुने प्रणाली | | जम्मा (प्रतिशत) | समानुपातिक प्रतिनिधित्व प्रणाली | | जम्मा (प्रतिशत) | जम्मा संख्या | | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | |
| खस/आर्य | ९१ | ४ | ९५ (५७.५८) | ८ | २७ | ३५ (३१.८२) | ९९ | ३१ | १३० (४७.२७) |
| आदिवासी जनजाति | ३३ | २ | ३५ (२१.२१) | ५ | २६ | ३१ (२८.१८) | ३८ | २८ | ६६ (२४.००) |
| मधेशी | २५ | २ | २७ (१६.३६) | ४ | १३ | १७ (१५.४५) | २९ | १५ | ४४ (१६.००) |
| दलित | १ | | १ (०.६१) | ७ | ८ | १५ (१३.६४) | ८ | ८ | १६ (५.८२) |
| थारू | ६ | १ | ७ (४.२४) | १ | ५ | ६ (५.४५) | ७ | ६ | १३ (४.७३) |
| मुस्लिम | | | | ३ | ३ | ६ (५.४५) | ३ | ३ | ६ (२.१८) |
| जम्मा संख्या | **१५६** | **९** | | **२८** | **८२** | | **१८४** | **९१** | **२७५** |
| प्रतिशत | ९४.५५ | ५.४५ | १६५ (१००.००) | २५.४५ | ७४.५५ | ११० (१००.००) | ६६.९१ | ३३.०९ | १००.०० |

*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

तालिका नं. १ मा देखाइएझैं २०७९ को निर्वाचनबाट प्रतिनिधिसभामा खसआर्यको प्रतिनिधित्व ४७.२७ प्रतिशत छ । पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित जम्मा सदस्य संख्यामध्ये ५७.५८ प्रतिशत र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट ३१.८ प्रतिशत खसआर्यको प्रतिनिधित्व भएको छ । अर्कोतिर, राज्यको नीति निर्माण गर्ने प्रक्रियाबाट निरन्तररूपमा बहिस्करणमा पारिँदै आएका करिब १४ प्रतिशत जनसंख्या ओगटेका दलित समुदायको प्रतिनिधित्व भने १६ जना (५.८२ प्रतिशत) मात्रै छ । दलित समुदायका प्रतिनिधिसभा सदस्यमध्ये पहिलो हुने प्रणालीबाट एकजना[२] र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट १५ जना निर्वाचित भएका हुन् । यसैगरी ६.५६ प्रतिशत जनसंख्या रहेको थारूको प्रतिनिधिसभामा ४.७३ प्रतिशत प्रतिनिधित्व छ । उनीहरूमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ७ जना र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट ६ जना निर्वाचित भएका हुन् ।


लैङ्गिक दृष्टिकोणबाट हेर्दा प्रतिनिधिसभामा ९१ जना (३३.०९ प्रतिशत) महिलाको प्रतिनिधित्व छ, जसमध्ये ९ जना पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र ८२ जना समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका हुन् । पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित महिलामध्ये ४ जना खसआर्य, २ जना आदिवासी जनजाति, २ मधेशी र एकजना थारू छन् । प्रतिनिधिसभाका

२ पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत नेकपा (एमाले)का उम्मेद्वार छविलाल विश्वकर्मा रूपन्देही निर्वाचन क्षेत्र नं. १ बाट विजयी भएका हुन् ।

९१ महिला सदस्यध्ये ३४.०७ प्रतिशत खसआर्य, ३०.७७ आदिवासी जनजाति, १६.४८ मधेसी, ८.७९ प्रतिशत दलित, ६.५९ प्रतिशत थारू र ३.३० प्रतिशत मुस्लिम समुदायका छन् ।

चित्र नं. १ ले राज्यको नीति निर्माण गर्ने केन्द्रिय तहमा ऐतिहासिकरूपमा बहिस्करणमा पारिएका समुदायको प्रतिनिधित्वको प्रवृत्तिलाई प्रष्ट्याउँछ । यो तथ्याङ्कले राज्यका मुख्य निकायमा दलित तथा सीमान्तीकृत समुदायको प्रतिनिधित्व निरन्तर घट्दै गएको र खसआर्यको प्रतिनिधित्व प्रत्येक निर्वाचनमा बढ्दै गएको देखाउँछ ।

**चित्र नं. १ : बिगतका चारओटा निर्वाचनको परिणाम र विभिन्न जातजातिका प्रतिनिधित्वको अवस्था**




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*


दलितको कोणबाट हेर्दा २०६४ मा सम्पन्न पहिलो संविधानसभामा निर्वाचित ६०१ संविधानसभा सदस्यमध्ये ५० जना (८.३२ प्रतिशत) दलितको प्रतिनिधित्व थियो । यसैगरी २०७० मा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा दलित प्रतनिधित्व घटेर ४० जना (६.६६ प्रतिशत)मा पुग्यो । संविधानसभाबाट २०७२ मा नयाँ संविधान जारी भएपछि २०७४ को सम्पन्न प्रतिनिधिसभामा दलितको प्रतिनिधित्व १९ जना (६.९१ प्रतिशत) मा सीमित हुन पुग्यो भने २०७९ मा यो संख्या घटेर १६ जना (५.८२ प्रतिशत) पुगेको छ । यो क्रम पहिलो हुने हुने निर्वाचित हुने प्रणालीमा पनि उस्तै छ । पहिलो संविधानसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ७ दलित निर्वाचित भएका थिए भने दोस्रो संविधानसभामा यो संख्या घटेर दुईमा पुगेको थियो । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा तीनजना दलित पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएका थिए भने २०७९ मा एकजना मात्रै यो प्रणालीबाट निर्वाचित भएका छन् ।

नेपालमा विभिन्न जातजातिको प्रतिनिधित्व गराउन अहिले अभ्यास गरिएको समानुपातिक प्रणालीले कस्तो भूमिका खेलिरहेको छ भन्ने बुझ्नका लागि यो निर्वाचन परिणाम निकै महत्त्वपूर्ण छ । राज्यका नीति निर्माण गर्ने निकायलाई समावेशी बनाउनै पर्ने संवैधानिक र कानुनी व्यवस्था भएका कारण ती निकायमा केही हदसम्म सीमान्तीकृत समुदायको प्रतिनिधित्व हुन सकेको छ । उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व प्रणाली भएकै कारण प्रतिनिधिसभामा दलितको प्रतिनिधित्वको १६ जना (५.८२ प्रतिशत) पुग्न सम्भव भयो । यदि यो प्रणाली नभएको भए दलितको प्रतिनिधित्व एकजनामा सीमित हुने थियो । यस्तै अर्को उदाहरण हेर्ने हो भने प्रतिनिधिसभामा पहिलो

हुने निर्वाचित हुने प्रणालीबाट मुस्लिम समुदायका एकजना पनि निर्वाचित भएनन्, तर समानुपातिक प्रतिनिधित्व प्रणालीकै कारण यो समुदायको ६ जना (२.१८ प्रतिशत) जना प्रतिनिधि प्रतिनिधिसभामा पुग्न सम्भव भयो ।

यद्यपि, निर्वाचन परिणामको तथ्याङ्कले समावेशीताको फरक तस्वीर पनि देखाएको छ (हेर्नुहोस् चित्र नं. २) । २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत निर्वाचितमध्ये एक-तिहाई भन्दा बढी सिटमा खसआर्य मात्रै निर्वाचित भएका छन् । अर्कोतिर, समानुपातिक प्रतिनिधित्व प्रणालीबाट पनि सबैभन्दा धेरै सिट सोही समुदायलाई प्रदान गरिएको छ । अर्को शब्दमा भन्दा, ऐतिहासिकरूपमा सीमान्तीकरणमा पारिएका र पहिलो हुने निर्वाचित हुने प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि समानुपातिक प्रतिनिधित्व अवधारणा अभ्यासमा ल्याइएको हो । तर, यो निर्वाचन परिणामलाई हेर्दा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट नै जनसंख्याको अनुपातभन्दा बढी प्रतिनिधित्व भइसकेको खसआर्यलाई समानुपातिक प्रणालीबाट पनि सबैभन्दा धेरै संख्यामा निर्वाचित गरेर यो प्रणालीले मूलतः खसआर्यकै हितमा काम गरिरहेको देखाउँछ ।

**चित्र नं. २ : प्रतिनिधिसभा निर्वाचन २०७९ परिणाम र समुदायगत प्रतिनिधित्व**




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

## प्रदेशसभा र बहिष्करणका आयाम

प्रदेशसभाको निर्वाचन पनि मिश्रित निर्वाचन प्रणालीबाट हुने संवैधानिक व्यवस्था छ । यो व्यवस्थाअन्तर्गत सातओटा प्रदेशमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ३३० जना र समानुपातिक प्रतिनिधित्व प्रणालीबाट २२० जना गरी जम्मा ५५० जना प्रदेशसभा सदस्य निर्वाचित हुन्छन् । तालिका नं. २ मा देखाइएझैं २०७९ को निर्वाचनमा प्रदेशसभामा ६३.६४ प्रतिशत पुरुष र ३६.३६ प्रतिशत महिला निर्वाचित भएका छन् ।

प्रतिनिधिसभामा जस्तै प्रदेशसभामा विभिन्न समुदायको प्रतिनिधित्वको आयाम यहाँ प्रस्तुत गरिएको छ । प्रदेशसभामा खसआर्यको प्रतिनिधित्व ४२.७३ प्रतिशत छ भने आदिवासी जनजातिको २७.०९ प्रतिशत, मधेशीको १५.८२ प्रतिशत, दलितको ५.६४ प्रतिशत, थारूको ५.०९ प्रतिशत, र मुस्लिमको ३.६४ प्रतिशत रहेको छ (हेर्नुहोस् तालिका नं. २) ।

**तालिका नं. २ : सात प्रदेशसभामा विभिन्न जातजातिका प्रतिनिधित्व, २०७९**

| जातजाति | पहिलो हुने निर्वाचित हुने प्रणाली | | जम्मा (प्रतिशत) | समानुपातिक प्रतिनिधित्व प्रणाली | | जम्मा (प्रतिशत) | जम्मा संख्या | | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | | पुरूष | महिला | | पुरूष | महिला | |
| खस/आर्य | १५५ | ५ | १६० (४८.४८) | १३ | ६२ | ७५ (३४.०९) | १६८ | ६७ | २३५ (४२.७३) |
| आदिवासी जनजाति | ७५ | ६ | ८१ (२४.५५) | ९ | ५९ | ६८ (३०.९१) | ८४ | ६५ | १४९ (२७.०९) |
| मधेशी | ५५ | २ | ५७ (१७.२७) | ६ | २४ | ३० (१३.६४) | ६१ | २६ | ८७ (१५.८२) |
| दलित | २ | १ | ३ (०.९१) | ४ | २४ | २८ (१२.७३) | ६ | २५ | ३१ (५.६४) |
| थारू | १८ | | १८ (५.४५) | १ | ९ | १० (४.५५) | १९ | ९ | २८ (५.०९) |
| मुस्लिम | ११ | | ११ (३.३३) | १ | ८ | ९ (४.०९) | १२ | ८ | २० (३.६४) |
| **जम्मा संख्या** | **३१६** | **१४** | **३३०** | **३४** | **१८६** | **२२०** | **३५०** | **२००** | **५५०** |
| **प्रतिशत** | **९५.७६** | **४.२४** | **(१००.००)** | **१५.४५** | **८४.५५** | **(१००.००)** | **६३.६४** | **३६.३६** | **१००.००** |

*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

लैङ्गिक दृष्टिकोणबाट हेर्ने हो भने प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत निर्वाचित ३३० सदस्यमध्ये ९५.७६ प्रतिशत पुरुष र ४.२४ प्रतिशत महिला निर्वाचित भएका छन् । प्रदेशसभामा पनि दलित तथा सीमान्तीकृत समुदायको प्रतिनिधित्व पनि एकदम कमजोर छ । प्रदेशसभामा दलित समुदायका ६ पुरुष र २५ महिला गरी ३१ जनाको प्रतिनिधित्व भएको छ । यसरी निर्वाचित प्रदेशसभा सदस्यमध्ये पहिलो हुने निर्वाचित हुने प्रणालीबाट दलित समुदायका दुईजना पुरुष र एकजना महिला गरी जम्मा ३ जना[३] निर्वाचित भएका हुन् । यो प्रणालीबाट कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशसभामा एकजना पनि दलित निर्वाचित भएका छैनन् ।

प्रतिनिधिसभामा जस्तै प्रदेशमा पनि दलितको प्रतिनिधित्व घट्दै गइरहेको छ । २०७४ को प्रदेशसभामा दलितको प्रतिनिधित्व ३२ जना थियो जुन २०७९ मा घटेर ३१ जनामा पुगेको छ । २०७४ को निर्वाचनमा पहिलो हुने निर्वाचित प्रणालीबाट ४ जना दलित निर्वाचित भएका थिए भने २०७९ को निर्वाचनमा यो प्रणालीबाट ३ जना मात्रै निर्वाचित भएका छन् ।


संघीय संसदमा जस्तै प्रदेशसभामा विभिन्न समुदायको प्रतिनिधित्वको अवस्था र प्रवृत्ति बुझ्नका लागि यो निर्वाचन परिणाम महत्त्वपूर्ण छ । प्रदेशसभाका पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत जम्मा सदस्यमध्ये १५५ पुरुष र ५ महिला गरी १६० जना (४८.४८ प्रतिशत) खसआर्य निर्वाचित भएका छन्, जुन जम्मा प्रदेशसभा सदस्य संख्याको २९.१० प्रतिशत हो । यो प्रणालीबाट निर्वाचित हुने सीमान्तीकृत समुदायको संख्या भने निकै कमजोर छ । पहिलो हुने निर्वाचित हुने प्रणालीबाट थारू १८ जना (४.४५ प्रतिशत), मुस्लिम ११ जना (३.३३ प्रतिशत) र दलित ३ जना (०.९१ प्रतिशत) निर्वाचित भएका छन् ।

समानुपातिक प्रतिनिधित्व प्रणाली भएकै कारण ऐतिहासिकरूपमा बहिस्करणमा पारिएका समुदायको प्रदेशसभामा केही हदसम्म प्रतिनिधित्व भएको छ । यो प्रणालीको अभ्यासले गर्दा

३ प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत मधेस प्रदेशअन्तर्गत धनुषा निर्वाचन क्षेत्र नं. २ बाट नेकपा (एमाले)का लखन दास तत्मा, गण्डकी प्रदेशअन्तर्गत स्याङ्जा निर्वाचन क्षेत्र नं. १ बाट नेकपा (एमाले)की सीताकुमारी सुन्दास र कर्णाली प्रदेशअन्तर्गत हुम्ला निर्वाचन क्षेत्र नं. १ बाट नेकपा (माओवादी-केन्द्र)का रणसिंह परियार विजयी भएका छन् ।

प्रदेशसभामा ३१ जना दलित (५.६४ प्रतिशत), २८ जना थारू (५.०९ प्रतिशत) र २० जना मुस्लिम (३.६४ प्रतिशत)को प्रतिनिधित्व सम्भव भएको हो । यो निर्वाचन प्रणालीका कारण ऐतिहासिकरूपमा बहिस्करणमा पारिएका समुदायले केही मात्रामा प्रतिनिधित्व गर्न सफल भएको भए पनि यहाँ सम्झनै पर्ने महत्त्वपूर्ण तथ्य के छ भने पहिलो हुने निर्वाचित हुने प्रणालीबाट एक-तिहाई प्रतिनिधित्व भइसकेको खसआर्य समुदायलाई समानुपातिक प्रतिनिधित्व प्रणालीबाट पनि सबैभन्दा धेरै सिट प्रदान गरिएको छ । यसले मूलतः खसआर्यको प्रभुत्वलाई बढाउन सहयोग गरेको छ (हेर्नुहोस् चित्र नं. ३) ।

**चित्र नं. ३ : प्रदेशसभा निर्वाचन, २०७९ को परिणाम र समुदायगत प्रतिनिधित्वको अवस्था**





*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

## प्रदेशसभामा विभिन्न जातजातिको विविधता

विभिन्न जातजाति र समुदायको बाहुल्यता र राजनीतिक प्रभावका आधारमा प्रत्येक प्रदेशसभामा उनीहरूको प्रतिनिधित्वको अनुपातमा पनि विविधता देखिएको छ (हेर्नुहोस् चित्र नं. ४)

**चित्र नं. ४ : सात प्रदेशसभामा विभिन्न जातजातिको प्रतिनिधित्वको अवस्था (२०७९)**





*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

प्रदेशसभामा विभिन्न जातजातिको प्रतिनिधित्वको खण्डीकृत तथ्याङ्क हेर्ने हो भने चारओटा प्रदेशसभामा खसआर्यको वर्चश्व रहेको देखिन्छ । खसआर्यको गण्डकी प्रदेशसभमा ५३ प्रतिशत, लुम्बिनी प्रदेशसभामा ४५ प्रतिशत, कर्णाली प्रदेशसभामा ८० प्रतिशत र सुदूरपश्चिम प्रदेशसभामा ७९ प्रतिशत प्रतिनिधित्व रहेको छ । यसैगरी कोशी प्रदेशसभा र बागमती प्रदेशसभामा खसआर्यको भन्दा आदिवासी जनजातिको प्रतिनिधित्व बढी छ । आदिवासी जनजातिको कोशी प्रदेशसभामा ४५.१६ प्रतिशत र बागमती प्रदेशसभामा ५३.६४ प्रतिशत प्रतिनिधित्व छ । यसैगरी मधेश प्रदेशसभामा मधेशीको प्रतिनिधित्व ६६.३६ प्रतिशत छ ।

यो तथ्याङ्कले देखाएको एउटा महत्त्वपूर्ण सवाल भनेको सबै प्रदेशसभामा दलित, थारू र मुस्लिमको प्रतिनिधित्व एकदम कमजोर छ । दलितमा मात्रै केन्द्रित भएर हेर्ने हो भने २०७९ को प्रतिनिधिसभा निर्वाचनबाट सातओटा प्रदेशसभामा ६ जना पुरुष र २५ जना महिला गरी जम्मा ३१ जना निर्वाचित भएका छन् (हेर्नुहोस् चित्र ५)[४] । यसरी निर्वाचितमध्ये ३ जना पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र २८ जना समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका हुन् । यसरी प्रदेशसभामा निर्वाचित दलित समुदायका प्रदेशसभा सदस्यमध्ये मधेश प्रदेशसभामा अन्य प्रदेशको तुलनामा धेरै अर्थात ८ जना निर्वाचित भएका छन् । यसैगरी गण्डकी प्रदेशसभामा ६ जना, कोशी, लुम्बिनी र कर्णाली प्रदेशसभामा ४/४ जना र सुदूरपश्चिम प्रदेशसभामा ३ जना दलित प्रदेशसभा सदस्यको प्रतिनिधित्व छ भने बागमती प्रदेशसभामा २ जनाको मात्रै प्रतिनिधित्व छ, जुन प्रदेशसभामा दलितको सबैभन्दा थोरै प्रतिनिधित्व हो ।

**चित्र नं. ५ : प्रदेशसभामा दलित प्रतिनिधित्वको अवस्था**




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

प्रदेशसभामा निर्वाचित दलित समुदायका प्रदेशसभा सदस्यको संख्या अत्यन्तै थोरै प्रतिशत छ । बिस्तृतरूपमा हेर्दा दलितको प्रतिनिधित्व कोशी प्रदेशसभामा ४.३ प्रतिशत, मधेश प्रदेशसभामा ८ प्रतिशत (यो जनघनत्वका हिसाबले सबैभन्दा धेरै दलित जनसंख्या भएको प्रदेश हो, जहाँ १७

४ २०७४ को प्रदेशसभा निर्वाचनमा ७ प्रदेशका निर्वाचित सदस्यमध्ये दलित समुदायका ३२ जना थिए । तिनमा २५ महिला र ७ पुरुष थिए ।

प्रतिशतभन्दा बढी दलित छन्), बागमतीमा १.८ प्रतिशत (यो प्रदेशमा सबैभन्दा कम दलित प्रतिनिधित्व भएको प्रदेश हो), गण्डकी प्रदेशसभामा ६ प्रतिशत, लुम्बिनी पदेशसभामा ४.६ प्रतिशत, कर्णाली प्रदेशसभामा १० प्रतिशत (यो दलितको सबैभन्दा धेरै प्रतिशत जनसंख्या भएको प्रदेश हो, जहाँ दलितको जनसंख्या करिब २६ प्रतिशत छ) र सुदूरपश्चिममा ५.७ प्रतिशत (यो प्रदेशमा दलितको निकै ठूलो जनसंख्या छ) प्रतिनिधित्व छ ।

**तालिका नं. ३ : सात प्रदेशसभामा दलित प्रतिनिधित्व**

| प्रदेश | गैरदलित (पहिलो हुने निर्वाचित हुने प्रणाली) | | दलित (पहिलो हुने निर्वाचित हुने प्रणाली) | | गैरदलित (समानुपातिक प्रतिनिधत्वि प्रणाली) | | दलित (समानुपातिक प्रतिनिधत्वि प्रणाली) | | जम्मा संख्या (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| कोशी प्रदेश | ५४ (५८.०) | २ (२.१५) | | | ५ (५.३८) | २८ (३०.११) | १ (१.०८) | ३ (३.२३) | ९३ (१००.००) |
| मधेश प्रदेश | ५९ (५५.१४) | ४ (३.७४) | १ (०.९३) | | ७ (६.५४) | २९ (२७.१०) | | ७ (६.५४) | १०७ (१००.००) |
| बागमती प्रदेश | ६१ (५५.४५) | ५ (४.५५) | | | ९ (८.१८) | ३३ (३०.००) | | २ (१.८२) | ११० (१००.००) |
| गण्डकी प्रदेश | ३४ (५६.६७) | १ (१.६७) | | १ (१.६७) | ४ (६.६७) | १५ (२५.००) | १ (१.६७) | ४ (६.६७) | ६६ (१००.००) |
| लुम्बिनी प्रदेश | ५१ (५८.६२) | १ (१.१५) | | | २ (२.३०) | २९ (३३.३३) | १ (१.१५) | ३ (३.४५) | ८७ (१००.००) |
| कर्णाली प्रदेश | २३ (५७.५०) | | १ (२.५०) | | १ (२.५०) | १२ (३०.००) | | ३ (७.५०) | ४० (१००.००) |
| सुदुरपश्चिम प्रदेश | ३२ (६०.३८) | | | | २ (३.७७) | १६ (३०.१९) | १ (१.८९) | २ (३.७७) | ५३ (१००.००) |
| जम्मा संख्या | ३१४ (५७.०९) | १३ (२.३६) | २ (०.३६) | १ (०.१८) | ३० (५.४५) | १६२ (२९.४५) | ४ (०.७३) | २४ (४.३६) | ५५० (१००.००) |

टिप्पणी : तालिकामा उल्लेखित प्रतिशत सम्बन्धित प्रदेशका जम्मा प्रदेशसभा सदस्य संख्याको प्रतिशत हो ।

*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

सबै प्रदेशसभामा गरी विभिन्न ६ ओटा राजनीतिक दलबाट दलित समुदायका प्रतिनिधि निर्वाचित भएका छन् । यसरी निर्वाचित हुनेमा नेकपा (एमाले)बाट ३ पुरुष र ९ महिला गरी १२ जना छन्, जसमध्ये एकजना महिला र एकजना पुरुष पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएका हुन् । यसैगरी नेपाली कांग्रेसबाट ९ जना दलित महिला निर्वाचित भएका छन् । उनीहरू सबै समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित भएका हुन् । अर्को प्रदेशसभामा नेकपा (माओवादी-केन्द्र)बाट २ पुरुष र ५ महिला गरी जम्मा ७ जना दलित निर्वाचित भएका छन् । तीमध्ये एक दलित पुरुष पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र ६ जना समानुपातिक प्रणालीबाट निर्वाचित भएका हुन् । यसबाहेक, जनता समाजवादी पार्टी, नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रदेशसभामा एक÷एकजना दलित निर्वाचित भएका छन्, उनीहरू सबै समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका छन् । यसरी निर्वाचित प्रदेशसभा सदस्यमध्ये जनता समाजवादी पार्टी, नेपाल र जनमत पार्टीबाट एक-एकजना दलित महिला र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एकजना दलित पुरुष निर्वाचित भएका छन् ।

## स्थानीय तहको कार्यकारी नेतृत्व

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको भए पनि स्थानीय तहको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीबाट गरिएको हो । स्थानीय तह निर्वाचन ऐन, २०७३ ले नगरपालिकाको मेयर वा उपमेयर र गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षमा उमेद्वारी दिंदा ५० प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरेको छ । यद्यपि, यदि कुनै दलले एक पदमा मात्र

उमेद्वारी दिएको अवस्थामा भने ती पार्टीले उक्त प्रावधानको कार्यान्वयन गर्नु पर्दैन । उदाहरणका लागि २०७९ को स्थानीय तह निर्वाचनमा दुईओटा भन्दा बढी राजनीतिक पार्टीबीच चुनावी गठबन्धन भएका कारण ती मुख्य दुई पदमा उमेद्वारी दिंदा यो प्रावधान लागू भएन । स्थानीय तह निर्वाचन ऐनको दफा ६(२)मा प्रत्येक वडामा सदस्य पदमा एकजना दलित महिलासहित दुईजना महिला अनिवार्य निर्वाचित हुनुपर्ने व्यवस्था गरेको छ । यसका साथै सो ऐनमा नगर कार्यपालिका र गाउँ कार्यपालिकामा दलित वा सीमान्तीकृत समुदायको प्रतिनिधित्व हुनैपर्ने व्यवस्था गरेको छ । यस्तो कानुनी व्यवस्थाका कारण स्थानीय सरकारको वडा र कार्यपालिकामा महिला र दलित महिलाको प्रतिनिधित्वलाई बढेको छ ।

समग्रमा, निर्वाचन परिणामले स्थानीय तहमा सबै समुदायको समावेशी प्रतिनिधित्व भएको देखाउँछ (हेर्नुहोस् तालिका नं. ४) । २०७९ को निर्वाचनबाट स्थानीय तहमा जम्मा ३५ हजार ९७ जनप्रतिनिधि निर्वाचित भएका छन् । यसरी निर्वाचितमध्ये ५८.९७ प्रतिशत पुरुष र ४१.२१ प्रतिशत महिला छन् । तालिका नं. ४ मा देखाइझैं निर्वाचित जनप्रतिनिधिमध्ये खसआर्यको प्रतिनिधित्व सबैभन्दा धेरै अर्थात ३२.९७ प्रतिशत छ भने आदिवासी जनजातिको २६.०६ प्रतिशत, दलितको २१.९९ प्रतिशत, मधेशीको १२.२५ प्रतिशत, थारूको ४.०७ प्रतिशत र मुस्लिमको २.६५ प्रतिशत रहेको छ । विशेषगरी स्थानीय तहमा दलित समुदायको २१.९९ प्रतिशत छ, जुन दलितको जनसंख्याभन्दा करिब ८ प्रतिशत बढी हो । प्रत्येक वडामा एकजना दलित महिला अनिवार्य निर्वाचित गर्नु पर्ने गरी कोटा छुट्याइएका कारण यस्तो परिणाम आउन सम्भव भएको हो ।

**तालिका नं. ४ : ७५३ स्थानीय सरकारमा विभिन्न जातजातिका प्रतिनिधित्व**

| जातजाति | पुरूष | महिला | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|
| खस/आर्य | ८३५६ | ३२१५ | ११५७१ | ३२.९७ |
| आदिवासी जनजाति | ६५७ | २५७१ | ९१४८ | २६.०६ |
| मधेशी | ३१५६ | ११४५ | ४३०१ | १२.२५ |
| दलित | ८६५ | ६८५३ | ७७१८ | २१.९९ |
| थारू | ९५६ | ४७३ | १४२९ | ४.०७ |
| मुस्लिम | ७२२ | २०८ | ९३० | २.६५ |
| **जम्मा संख्या** | **२०६३२** | **१४४६५** | **३५०९७** | |
| प्रतिशत | ५८.७९ | ४१.२१ | १०००.०० | १००.०० |

*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

यद्यपि, स्थानीय सरकारको प्रमुख नेतृत्वदायी पदमा केन्द्रित भएर हेर्ने हो भने समावेशिकरणका तस्वीर त्यति सकारात्मक देखिँदैन । स्थानीय सरकारको सबैभन्दा महत्त्वपूर्ण र कार्यकारी भूमिका मूलतः नगरपालिकामा मेयर र गाउँपालिकामा अध्यक्षको हुन्छ । नगर वा गाउँ परिषद्का निर्णयको कार्यान्वयन गर्ने र स्थानीय सरकारको कानुन, नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नेजस्ता महत्त्वपूर्ण सवालमा ती कार्यकारी प्रमुखको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । यो सवाल नगरपालिकाको उपमेयर र गाउँपालिकाको उपाध्यक्षको हकमा पनि लागू हुन्छ । नयाँ संविधानले उपमेयर र उपाध्यक्षलाई न्यायिक समितिको नेतृत्व गर्ने र बजेट निर्माण तथा अनुगमन गर्नेजस्ता महत्त्वपूर्ण जिम्मेवारी दिएको छ । यसैगरी स्थानीय सरकारको संरचनाअन्तर्गत वडा अध्यक्षलाई महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ । नेपालमा ७५३ स्थानीय सरकारअन्तर्गत ६ हजार ७ सय ४३ वडा छन् । जनतासँग सबैभन्दा नजिकमा रहेर काम गर्ने ती वडा कार्यालयको नेतृत्व वडा अध्यक्षले गर्छन् । त्यसैले यस्ता महत्त्वपूर्ण

नेतृत्वदायी भूमिकामा दलित र अन्य सीमान्तीकृत समुदायको अर्थपूर्ण प्रतिनिधित्वले विशेष महत्त्व राख्छ ।

तर स्थानीय सरकारका प्रमुख नेतृत्वदायी भूमिकामा भने खसआर्यकै वर्चश्व रहेको तथ्याङ्कले देखाउँदछ (हेर्नुहोस् तालिका नं. ५)

**तालिका नं. ५ : स्थानीय सरकारका प्रमुख पदमा विभिन्न जातजातिको प्रतिनिधित्व**

| जातजाति | मेयर र अध्यक्ष | | | उपमेयर र उपाध्यक्ष | | | वडा अध्यक्ष | | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा संख्या (प्रतिशत) | पुरूष | महिला | जम्मा संख्या (प्रतिशत) | पुरूष | महिला | |
| खस/आर्य | ३४६ | १५ | ३६१ (४७.९४) | १०३ | २४७ | ३५० (४६.४८) | २९६८ | २५ | २९९३ (४४.३९) |
| आदिवासी जनजाति | २१४ | ७ | २२१ (२९.३५) | ६८ | १४९ | २१७ (२८.८२) | २००५ | २६ | २०३१ (३०.१२) |
| मधेशी | ११८ | २ | १२० (१५.९४) | त७ | १०३ | ११० (१४.६१) | १०५६ | ९ | १०६५ (१५.७९) |
| दलित | ८ | ० | ८ (१.०६) | २ | ११ | १३ (१.७३) | १४५ | २ | १४७ (२.१८) |
| थारू | २८ | १ | २९ (३.८५) | २ | ४३ | ४५ (५.९८) | ३१३ | ५ | ३१८ (४.७२) |
| मुस्लिम | १४ | ० | १४ (१.८६) | ३ | १५ | १८ (२.३९) | १८७ | २ | १८९ (२.८०) |
| जम्मा संख्या | ७२८ | २५ | ७५३ | १८५ | ५६८ | ७५३ | ६६७४ | ६९ | ६७४३ |
| प्रतिशत | ९६.६८ | ३.३२ | १००.०० | २४.५७ | ७५.४३ | १००.०० | ९९.०१ | १.०२ | १००.०० |

*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

समग्रमा भन्ने हो भने माथि उल्लेख गरिएझैं स्थानीय तह निर्वाचन ऐन, २०७३ मा स्थानीय तहको नेतृत्वदायी मुख्य दुई पदमा फरक लिङ्गको प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरिएका कारण अधिकांश स्थानीय तहमा राजनीतिक पार्टीहरूले मूलतः उपमेयर र उपाध्यक्षको पदमा महिला उमेद्वारी दिएका थिए । त्यसैले २०७९ को निर्वाचनमा ७५३ स्थानीय तहका प्रमुख पद मेयर र गाउँपालिका अध्यक्षमध्ये ९६.६८ प्रतिशत पुरुष निर्वाचित भएका छन् भने ती पदमा निर्वाचित महिलाको संख्या ३.३२ प्रतिशत मात्रै छ । यसैगरी उपमेयर र उपाध्यक्ष पदमा भने ७५.४३ प्रतिशत महिला निर्वाचित भएका छन् भने पुरुषको संख्या २४.५७ प्रतिशत छ ।


स्थानीय तहको मेयर र गाउँपालिका अध्यक्ष पदमा निर्वाचित परिणामलाई विभिन्न जातजातिको कोणबाट वर्गीकरण गर्ने हो भने ती पदमा सबैभन्दा धेरै अर्थात ४७.९४ प्रतिशत खसआर्य निर्वाचित भएका छन् । यसैगरी ती पदमा २९.३५ प्रतिशत आदिवासी जनजाति र १५.९४ प्रतिशत मधेशी निर्वाचित भएका छन् । स्थानीय तहको प्रमुख नेतृत्वमा दलित, थारू र मुस्लिमको प्रतिनिधित्व एकदमै कम छ । ती पदमा थारू २९ जना (३.८५ प्रतिशत), मुस्लिम १४ जना (१.८६ प्रतिशत) र दलित ८ दलित (१.०६ प्रतिशत) निर्वाचित भएका छन् ।

यसैगरी नगर उपमेयर र गाउँपालिका उपाध्यक्ष पदमा पनि खसआर्यकै वचर्श्वले निरन्तरता पाएको छ । स्थानीय तहमा निर्वाचित ७५३ उपमेयर र उपाध्यक्षमध्ये निर्वाचित खसआर्यको संख्या ४६.४८ प्रतिशत छ भने आदिवासी जनजातिको २८.८२ प्रतिशत र मधेशीको १४.६१ प्रतिशत रहेको छ । ती पदमा निर्वाचित हुने सीमान्तीकृत समुदायको संख्या पनि अत्यन्तै न्यून छ । यसैगरी ती पदमा थारूको प्रतिनिधित्व ५.९८ प्रतिशत छ भने मुस्लिमको २.३९ प्रतिशत छ । उपमेयर र उपाध्यक्ष पदमा निर्वाचित हुने दलित समुदायको संख्या झनै कम छ । ती पदमा दलित समुदायका जम्मा १३ जना (१.७३ प्रतिशत) निर्वाचित भएका छन्, जसमध्ये २ पुरुष र ११ महिला छन् ।

स्थानीय तहमा निर्वाचित ६ हजार ७ सय ४३ वडा अध्यक्षमध्ये ९८.९८ प्रतिशत पुरुष र १.०२ प्रतिशत मात्र महिला छन् । समुदायगत रूपमा हेर्दा वडा अध्यक्ष पदमा निर्वाचित हुनेमा पनि खसआर्य समुदायकै वर्चश्व छ । जम्मा निर्वाचित वडा अध्यक्षमध्ये खसआर्यको संख्या ४४.३९ प्रतिशत छ भने आदिवासी जनजातिको ३०.१२ प्रतिशत र मधेशी १५.७९ प्रतिशत छ । यसैगरी ती पदमा थारू र मुस्लिमको संख्या क्रमशः ४.७२ प्रतिशत र २.८० प्रतिशत रहेको छ । वडा अध्यक्षमा निर्वाचित हुने दलितको संख्या भने १४७ जना अर्थात २.१८ प्रतिशत मात्रै छ ।

समग्रमा हेर्दा सातैओटा प्रदेशको स्थानीय तहका कार्यकारी पदहरू : मेयर र उपमेयर, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र वडा अध्यक्ष पदमा खसआर्य समुदायको दबदबा कायम छ । ती पदमा खसआर्यको औसत प्रतिनिधित्व ४७.७६ प्रतिशत छ भने दलितको प्रतिनिधित्व औसत ३.२८ प्रतिशत मात्रै छ (हेर्नुहोस् चित्र नं. ६) ।

**चित्र नं. ६ : स्थानीय तहको प्रमुख पदमा विभिन्न जातजातिको प्रतिनिधित्वको अवस्था**





*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९*


संघीय र प्रदेशमा जस्तै स्थानीय तहका प्रमुख पदमा दलितको प्रतिनिधित्व निरन्तर घट्दै गइरहेको तथ्याङ्कले देखाउँछ । २०७४ को स्थानीय तह निर्वाचनमा दलित समुदायका ६ जना मेयर र ११ जना उपमेयर निर्वाचित भएका थिए । तर, २०७९ को निर्वाचनमा यो संख्या घटेर ३ जना मेयर र ७ जना उपमेयरमा पुगेको छ । २०७४ मा गाउँपालिका अध्यक्ष पदमा एकजना दलित अध्यक्ष निर्वाचित भएका थिए, जुन २०७९ मा यो संख्या ५ जना भएको छ, तर गाउँपालिकाको उपाध्यक्ष पदमा भने १७ जना घटेर ६ जनामा पुगेको छ ।

## *प्रदेशमा प्रतिनिधित्वको विविधता*

प्रदेशको सामाजिक संरचनाको बनौट र उनीहरूको राजनीतिक प्रभावका कारण स्थानीय तहका प्रमुख पदमा विभिन्न जातजातिका उमेद्वार निर्वाचित भएका छन् (हेर्नुहोस् चित्र नं. ८) ।

चित्र नं. ७ : प्रदेशअन्तर्गत स्थानीय सरकारका प्रमुख पद (मेयर र अध्यक्ष) मा विभिन्न समुदायको प्रतिनिधित्वको अवस्था




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

स्थानीय सरकारमा प्रदेशअनुसार विभिन्न जातजातिको प्रतिनिधित्व विस्तृतरूपमा हेर्दा विविधता देखिन्छ । कोशी प्रदेशमा १३७ स्थानीय सरकार छन् । लैङ्गिक दृष्टिकोणले ती स्थानीय सरकारका प्रमुख पदहरू मूलतः मेयर र गाउँपालिका अध्यक्षमा निर्वाचित संख्या हेर्ने हो भने पुरुष ९५.६२ प्रतिशत र महिला ४.३८ प्रतिशत विजयी भएका छन् । उपमेयर र उपाध्यक्ष पदमा निर्वाचित हुने पुरुषको संख्या २६.२८ प्रतिशत छ भने महिलाको संख्या ७३.७२ प्रतिशत रहेको छ । यो प्रदेशमा आदिवासी जनजातिको जनघनत्व र राजनीतिक प्रभावका कारण प्रदेशअन्तर्गतका स्थानीय तहको

प्रमुख पद मेयर र गाउँपालिका अध्यक्ष पदमा निर्वाचित हुने आदिवासी जनजातिको संख्या ८२ पुरुष र ४ महिला गरी जम्मा ८६ जना (६२.७७ प्रतिशत) छ भने खसआर्यको ३६ पुरुष र २ महिला गरी ३८ जना (२७.७४ प्रतिशत) छ । कोशी प्रदेशअन्तर्गतको स्थानीय तहको प्रमुखमा जम्मा एकजना[५] दलित गाउँपालिका अध्यक्षमा निर्वाचित भएका छन् । यसैगरी उपमेयर र उपाध्यक्षमा आदिवासी जनजाति समुदायका २२ पुरुष र ४९ महिला गरी ७१ जना (५१.८ प्रतिशत) निर्वाचित भएका छन् भने खसआर्यको संख्या १४ पुरुष र ४० महिला गरी ५४ जना (३९.४२ प्रतिशत) रहेको छ । कोशी प्रदेशअन्र्तका स्थानीय तहको उपमेयर र उपाध्यक्ष पदमा एकजना पनि दलित निर्वाचित भएका छैनन् ।

मधेश प्रदेशका १३६ स्थानीय सरकार छन् । तीमध्ये स्थानीय सरकारका प्रमुख मेयर र अध्यक्ष पदमा लैङ्गिक दृष्टिकोले हेर्ने हो भने ९७.६ प्रतिशत पुरुष निर्वाचित भएका छन् भने महिलाको संख्या २.९४ प्रतिशत मात्रै छ । यसैगरी उपमेयर र उपाध्यक्ष पदमा ६.६२ प्रतिशत पुरुष र ९३.३८ प्रतिशत महिला निर्वाचित भएका छन् । यो प्रदेशमा पनि सामुदायिक जनसंख्या र राजनीतिक प्रभावका कारण मेयर र अध्यक्ष पदमा मधेशीको प्रतिनिधित्व १०३ पुरुष र २ महिला गरी १०५ (७७.२१ प्रतिशत) छ भने खसआर्यको प्रतिनिधित्व १३ पुरुष र १ महिला गरी १४ जना (१०.२ ९ प्रतिशत) रहेको छ । जनघनत्वका हिसाबले दलितको सबैभन्दा धेरै जनसंख्या (करिब १७.२९ प्रतिशत)[६] रहेको यो प्रदेशअन्तर्गतका स्थानीय तहमा दलित समुदायका जम्मा एकजना[७] मेयर पदमा निर्वाचित भएका छन् । यसैगरी, मधेश प्रदेशअन्तर्गतका उपमेयर र उपाध्यक्ष पदमा ५ पुरुष र ८७ महिला गरी जम्मा ९२ जना (६७.६५ प्रतिशत) मधेशी निर्वाचित भएका छन् भने खसआर्य समुदायका २ पुरुष र ५ महिला गरी ७ जना (५.१५ प्रतिशत) निर्वाचित छन् । मधेश प्रदेशको स्थानीय तहमा दलित समुदायका एकजना उपमेयर र एकजना उपाध्यक्ष पदमा निर्वाचित भएका छन् र ती दुवै[८] दलित महिला हुन् ।

बागमती प्रदेशमा ४५ नगरपालिका र ७४ गाउँपालिका गरी जम्मा ११९ स्थानीय सरकार छन् । ती स्थानीय तहका प्रमुख मेयर र अध्यक्षमा ९४.९६ प्रतिशत पुरुष र ५.०४ प्रतिशत महिला निर्वाचित भएका छन् । यसैगरी उपमेयर र उपाध्यक्ष पदमा निर्वाचित हुनेमा पुरुष ४२.०२ प्रतिशत र महिला ५७.९८ प्रतिशत छन् । विभिन्न जातजातिको प्रतिनिधित्वका दृष्टिबाट हेर्ने हो भने बागमती प्रदेशअन्तर्गतका स्थानीय तहमा मेयर र अध्यक्ष पदमा आदिवासी जनजाति समुदायका ६२ पुरुष र २ महिला ६४ जना (५३.७८ प्रतिशत) निर्वाचित भएका छन् भने खसआर्य समुदायबाट ५० पुरुष र २ महिला गरी ५२ जना (४५.३८ प्रतिशत) निर्वाचित छन् । यो प्रदेशअन्तर्गत स्थानीय सरकारमा प्रमुखको भूमिकामा एकजना पनि दलित निर्वाचित भएका छैनन् । यसैगरी बागमतीका स्थानीय तहका उपमेयर र उपाध्यक्ष पदमा पनि आदिवासी जनजातिको

---

५ कोशी प्रदेशअन्तर्गत उदयपुर जिल्लाको ताप्ली गाउँपालिकाको अध्यक्षमा नेकपा (माओवादी–केन्द्र)का ढुङ्गराज विश्वकर्मा निर्वाचित भएका छन् ।

६ २०६८ को जनगणनाअनुसार मधेस प्रदेशमा दलितको जनसंख्या १७.२९ प्रतिशत रहेको छ ।

७ मधेस प्रदेशको धनुषा जिल्लाअन्तर्गत विदेह नगरपालिकाका मेयरमा नेकपा (एमाले)बाट बेचन दास तत्मा निर्वाचित भएका छन् ।

८ मधेस प्रदेशको रौतहट जिल्लाको वृन्दावन नगरपालिकाको उपमेयरमा नेकपा (एकीकृत समाजवादी)बाट संगीता कुमारी राम र महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकाको उपाध्यक्षमा जनता समाजवादी पार्टीबाट दिपोदेवी पासवान निर्वाचित भएका छन् ।

बाहुल्यता छ । ती पदमा २४ पुरुष र ३७ महिला गरी जम्मा ६१ जना (५१.२६ प्रतिशत) आदिवासी जनजातिको प्रतिनिधित्व छ भने खसआर्यको २४ पुरुष र ३२ महिला गरी ५६ जना (४७.०६ प्रतिशत) प्रतिनिधित्व छ । ती पदमा दलित समुदायका जम्मा एकजना[९] पुरुष निर्वाचित भएका छन् ।

गण्डकी प्रदेशमा ८५ स्थानीय सरकार छन् । ती सरकारको प्रमुखमा लैङ्गिक दृष्टिकोणले हेर्ने हो भने मेयर र अध्यक्ष पदमा ९६.४७ प्रतिशत पुरुष र ३.५३ प्रतिशत महिला निर्वाचित छन् । यसैगरी उपमेयर र उपाध्यक्षमा भने २७.०६ प्रतिशत पुरुष र ७२.९४ प्रतिशत महिलाको प्रतिनिधित्व छ । विभिन्न समुदायको प्रतिनिधित्वको दृष्टिकोणबाट हेर्दा गण्डकी प्रदेशअन्तर्गतका स्थानीय तहमा मिश्रित प्रतिनिधित्व रहेको देखिन्छ । यहाँ मेयर र अध्यक्ष पदमा खसआर्यको ४४ पुरुष र ३ महिला गरी ४७ जना (५२.९४ प्रतिशत) र आदिवासी जनजातिको ३६ जना पुरुष (४२.३५ प्रतिशत) आदिवासी जनजातिको प्रतिनिधित्व छ । गण्डकी प्रदेशका स्थानीय तहमा राजनीतिक रूपमा सबैभन्दा बढी बहिष्करणमा पारिएका दलित समुदायका एक मेयर र एक गाउँपालिका अध्यक्ष गरी दुईजना[१०] पुरुष महत्त्वपूर्ण भूमिकामा निर्वाचित भएका छन् । यो प्रदेशअन्तर्गतका स्थानीय तहको उपमेयर र उपाध्यक्ष पदमा १३ पुरुष र २९ महिला गरी ४२ जना (४९.४१ प्रतिशत) आदिवासी जनजाति समुदायका छन् भने ९ पुरुष र २९ महिला गरी ३८ जना (४४.७१ प्रतिशत) खसआर्य समुदायका छन् । ती पदमा दलितको प्रतिनिधित्व जम्मा ३ जना (३.५३ प्रतिशत) मात्रै छ, जसमध्ये एकजना पुरुष उपमेयर र दुईजना महिला उपाध्यक्षमा निर्वाचित भएका छन्[११] ।

लुम्बिनी प्रदेशअन्तर्गत १०९ स्थानीय सरकार छन् । ती सरकारका मेयर र अध्यक्ष पद ९९.०८ प्रतिशत पुरुषले ओगटेका छन् भने महिलाको उपस्थिति ०.९२ प्रतिशत मात्रै छ । यसैगरी उपमेयर र उपाध्यक्षमा निर्वाचित हुनेमा १७.४३ प्रतिशत पुरुष र ८२.७ प्रतिशत महिला छन् । जातजातिको प्रतिनिधित्वका हिसाबले यो प्रदेशअन्तर्गतका स्थानीय तहमा मेयर र अध्यक्षमा ६३ पुरुष र १ महिला गरी ६४ जना (५८.७२ प्रतिशत) र उपमेयर र उपाध्यक्षमा १३ पुरुष र ३८ महिला गरी ५१ जना (४६.७९ प्रतिशत) खसआर्यबाट निर्वाचित भएका छन् । यसैगरी यो प्रदेशका स्थानीय तहका महत्त्वपूर्ण पदमध्ये २ जना[१२] (१.८३ प्रतिशत) दलित पुरुष गाउँपालिका अध्यक्षमा र ३ जना[१३] (२.७५ प्रतिशत) दलित महिला उपमेयरमा निर्वाचित भएका छन् ।

---

९ बागमती प्रदेशअन्तर्गत धादिङ जिल्लाको निलकण्ठ नगरपालिकाको उपमेयरमा नेकपा (माओवादी–केन्द्र)का दिपक विश्वकर्मा निर्वाचित भएका छन् ।

१० गण्डकी प्रदेशको बाग्लुङ जिल्लास्थित ढोरपाटन नगरपालिकाका प्रमुखमा नेकपा (एमाले)का देवकुमार नेपाली र सोही जिल्लाको ताराखोला गाउँपालिकाका अध्यक्षमा नेकपा (माओवादी–केन्द्र)का धनबहादुर विक निर्वाचित भएका छन् ।

११ गण्डकी प्रदेशअन्तर्गत तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिकाको उपमेयरमा नेकपा (माओवादी–केन्द्र)का खुमबहादुर विक, पर्वतको महाशिला गाउँपालिका उपाध्यक्षमा नेकपा (एमाले)की धनसुवा विश्वकर्मा र गोरखाको आरूघाट गाउँपालिकामा नेपाली कांग्रेसकी कल्पना नेपाली निर्वाचित भएका छन् ।

१२ लुम्बिनी प्रदेशको प्युठान जिल्लास्थित सरूमारानी गाउँपालिकाको अध्यक्षमा नेकपा (एमाले)का झगबहादुर विश्वकर्मा र बाँके जिल्लास्थित खजुरा गाउँपालिकाका अध्यक्षमा नेकपा (माओवादी–केन्द्र)का डम्बरबहादुर विक निर्वाचित भएका छन् ।

१३ लुम्बिनी प्रदेशअन्तर्गत रूपन्देही जिल्लाको लुम्बिनी सांस्कृतिक नगरपालिकामा उपमेयरमा नेकपा (एमाले)की कल्पना हरिजन र रोहिणी गाउँपालिकाको उपाध्यक्षमा राप्रपाकी शिवकान्ती चमारका साथै नवलपरासीको सरावल गाउँपालिकाको उपाध्यक्षमा नेकपा (एमाले)बाट वासमती चमार निर्वाचित भएका छन् ।

कर्णाली प्रदेशको ७९ स्थानीय सरकार छन् । ती स्थानीय तहका प्रमुख नेतृत्व मेयर र अध्यक्षमा लैङ्गिक हिसाबले ९७.४७ प्रतिशत पुरुष र २.५३ प्रतिशत महिला निर्वाचित भएका छन् । यसैगरी उपमेयर र उपाध्यक्ष पदमा भने ३२.९१ प्रतिशत पुरुष र ६७.०९ प्रतिशत महिला निर्वाचित छन् । स्थानीय सरकारका यी मुख्य पदमा विभिन्न खसआर्यको प्रभुत्व रहेको छ । यो समुदायबाट मेयर र अध्यक्ष पदमा ६३ पुरुष र २ महिला गरी ६५ जना (८२.२८ प्रतिशत) र उपमेयर र उपाध्यक्षमा पनि २१ पुरुष र ४६ महिला गरी ६७ जना (८४.८१ प्रतिशत) निर्वाचित भएका छन् । अर्कोतिर, दलित समुदायका मेयर र अध्यक्षमा २ जना[१४] (२.५३ प्रतिशत) पुरुष र उपमेयर र उपाध्यक्ष पदमा २ जना[१५] (२.५३ प्रतिशत) दलित महिला निर्वाचित भएका छन् ।

सुदूरपश्चिम प्रदेशअन्तर्गत ८८ ओटा स्थानीय सरकार छन् । यो प्रदेशअन्तर्गतका स्थानीय सरकारको मुख्य नेतृत्व मेयर र अध्यक्षमा ९७.७३ प्रतिशत पुरुष र २.२७ प्रतिशत महिला निर्वाचित भएका छन् । यसैगरी उपमेयर र उपाध्यक्षमा भने २३.८६ प्रतिशत पुरुष र ७६.१४ प्रतिशत महिला निर्वाचित छन् । समुदायगत हिसाबले खसआर्यको मेयर र गाउँपालिका अध्यक्षमा ७७ पुरुष र २ महिला गरी ७९ जना (८९.७७ प्रतिशत) र उपमेयर र उपाध्यक्षमा २० पुरुष र ५७ महिला गरी ६७ जना (८७.५० प्रतिशत) प्रतिनिधित्व छ । सुदूरपश्चिम प्रदेशका कुनै पनि स्थानीय सरकारको प्रमुख नेतृत्वमा दलितको प्रतिनिधित्व छैन भने एकजना उपमेयर र एकजना उपाध्यक्ष पदमा गरी २ जना[१६] (२.२७ प्रतिशत) दलित महिला निर्वाचित भएका छन् । ।

माथिको तथ्याङ्कमा चर्चा गरिएझैं, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका स्थानीय सरकारका प्रमुख पदहरू मेयर र गाउँपालिका अध्यक्षका साथै उपमेयर र गाउँपालिका उपाध्यक्षमा खसआर्यको वर्चश्व छ । अझ कर्णाली र सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा त खसआर्यको वर्चश्व चरम अवस्थामा छ ।

### *वडा अध्यक्षमा दलित र सीमान्तीकृत समुदाय*

नेपालको ७५३ स्थानीय तहमा ६ हजार ७४३ वडा छन्, जसको नेतृत्व वडा अध्यक्षले गर्छन् । ती ६ हजार ७४३ वडा अध्यक्षमध्ये ९९ प्रतिशत पुरुष निर्वाचित भएका छन् भने महिला १ प्रतिशत मात्रै छन् । चित्र नं. ८ मा देखाइएझैं वडा अध्यक्षमा सबैभन्दा धेरै अर्थात ४४.३९ प्रतिशत खसआर्यबाट निर्वाचित भएका छन् भने ३०.१२ प्रतिशत आदिवासी जनजाति समुदायका छन् । वडा अध्यक्षमा यी दुईबाहेक अन्य समुदायमध्ये प्रतिनिधित्व निकै कम छ । वडाध्यक्षमा १५.७९ प्रतिशत मधेसी, ४.७२ प्रतिशत थारू र २.८० प्रतिशत मुस्लिम निर्वाचित भएका छन् । यसैगरी वडा अध्यक्षमा दलित समुदायका १४७ जना निर्वाचित भएका छन्, जुन जम्मा वडा अध्यक्षमध्ये २.१८ प्रतिशत मात्रै हो ।


---

१४ कर्णाली प्रदेशको पश्चिम रूकुम जिल्लाको चौरजहारी नगरपालिकाको प्रमुखमा नेकपा (माओवादी–केन्द्र)का पुष्प बादी र सुर्खेत जिल्लाको चौकुने गाउँपालिकाको अध्यक्षमा नेकपा (माओवादी–केन्द्र) का खड्क विक निर्वाचित भएका छन् ।

१५ कर्णाली प्रदेशअन्तर्गत सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकाको उपमेयरमा नेपाली कांग्रेसकी मैना विश्वकर्मा र सल्यानको शारदा नगरपालिकाको उपमेयरमा नेपाली काँग्रेसकी सुस्मिता सापकोटा सुनार निर्वाचित भएका छन् ।

१६ सुदूरपश्चिम प्रदेशअन्तर्गत कैलालीको भजनी नगरपालिकाको उपमेयरमा नागरिक उन्मुक्ति पार्टीबाट राजु तिरूवा, बाजुराको हिमाली गाउँपालिकाको उपाध्यक्षमा नेकपा (एमाले) बाट राजकला सार्की निर्वाचित भएका छन् ।


चित्र नं. ८ : वडा अध्यक्षमा विभिन्न जातजाति र लैङ्गिक प्रतिनिधित्वको अवस्था




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*


चित्र नं. ९ मा देखाइएझैं, समुदायको जनसंख्याको बनोट र राजनीतिक प्रभावका आधार विभिन्न समुदायका प्रतिनिधि वडा अध्यक्षमा निर्वाचित भएका छन् । उदाहरणको लागि कोशी प्रदेशअन्तर्गतका स्थानीय तहमा ५४.११ प्रतिशत र बागमतीमा ५७ प्रतिशत वडा अध्यक्षमा आदिवासी जनजाति निर्वाचित भएका छन् । यसैगरी मधेश प्रदेशका स्थानीय तहमा ६८.५३ प्रतिशत वडा अध्यक्ष मधेसी समुदायबाट निर्वाचित भएका छन् । तर सातओटै प्रदेशअन्तर्गतका स्थानीय तहका वडा अध्यक्षमा निर्वाचित हुने दलित, थारु र मुस्लिमको संख्या भने अत्यन्तै थोरै छ ।

चित्र नं. ९ : सातओटै प्रदेशका स्थानीय तहका वडा अध्यक्षमा विभिन्न जातजातिको प्रतिनिधित्व





*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

नक्सा नं. १० : सातओटै प्रदेशका स्थानीय सरकारमा विभिन्न जातजातिको प्रतिनिधित्व




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*


नक्सा नं. ११ : प्रदेशअनुसार स्थानीय तहमा दलितको प्रतिनिधित्वको अवस्था




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

माथि चित्र नं. ११ मा देखाएझैं सातओटै प्रदेशअन्तर्गतका स्थानीय तहको मुख्य नेतृत्वमा दलित समुदायको प्रतिनिधित्व अत्यन्तै थोरै छ । दलित महिला वडा सदस्यको तुलनामा यो प्रतिनिधित्व निकै कम हो ।

**चित्र नं. १२ : राज्यका प्रमुख नीति-निर्माण गर्ने निकायमा विभिन्न जातजातिको प्रतिनिधित्वको अवस्था**




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

समग्रमा, चित्र नं. १२ मा देखाइएझैं २०७९ को संघीय, प्रदेश, र स्थानीय तहको निर्वाचन परिणामको विश्लेषण गर्दा राज्यका प्रमुख जनप्रतिनिधिमुलक निकायमा खसआर्यको प्रभुत्वले निरन्तरता पाएको देखाउँछ । यसैगरी बहिस्करण र विभेदमा पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम आदिको अर्थपूर्ण प्रतिनिधित्व भने सीमित मात्रामा रहेको छ । सैद्धान्तिकरूपमा समावेशी लोकतन्त्र स्थापनाका लागि अपनाइएको समानुपातिक प्रतिनिधित्व प्रणालीले बहिस्करणमा पारिएका समुदायको प्रतिनिधित्वका सम्बन्धमा केही हदसम्म सहयोग पुगेको भए पनि मूलतः यसले वर्चश्वशाली समुदायकै प्रतिनिधित्व थप मजबुत बनाउन बल पुऱ्याइरहेको छ । यसले नेपालमा समानुपातिक प्रतिनिधित्व प्रणालीको सैद्धान्तिक मान्यताको गलत अभ्यास भइरहको प्रष्ट्याउँछ ।

## असमावेशी राजनीतिक पार्टी संरचना र समानुपातिक प्रतिनिधित्व व्यवस्था

### *असमावेशी राजनीतिक पार्टी*

एउटा कुरा स्पष्ट छ कि निर्वाचनमा विजयी हुनका लागि सबैभन्दा पहिलो शर्त उमेद्वारी पाउनु हो । निर्वाचनमा प्रतिस्पर्धाका लागि उमेद्वारको टिकट पाउने सवाल मूलतः राजनीतिक पार्टीका मुख्य नेतृत्वको निर्णयमा भर पर्छ । हुन त सबै राजनीतिक पार्टीहरूले सामाजिक समावेशीकरणको सिद्धान्तलाई स्वीकार गरेका छन् । तर, पार्टी संरचना हेर्ने हो भने सबैजसो पार्टीको माथिल्लो र निर्णायक तहमा महिला, दलित र अन्य सीमान्तीकृत समुदायको प्रतिनिधित्व निकै कमजोर छ । तलको तालिका नं. ६ ले प्रमुख राजनीतिक पार्टीको केन्द्रिय समितिमा दलितको प्रतिनिधित्वको अवस्था देखाउँछ ।

**तालिका नं. ६ : विभिन्न राजनीतिक पार्टीका केन्द्रिय समितिमा दलित प्रतिनिधित्व**


| राजनीतिक पार्टी | केन्द्रिय समिति | दलित प्रतिनिधित्व (प्रतिशत) |
|---|---|---|
| नेपाली कांग्रेस | १४८ | ११ (७.४३) |
| नेकपा (एमाले) | ३०१ | २० (६.६४) |
| नेकपा (माओवादी-केन्द्र) | २३६ | २३ (९.७४) |
| नेकपा (एकीकृत समाजवादी) | ३३५ | १७ (५.०७) |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ४० | ३ (७.५) |
| जनता समाजवादी पार्टी, नेपाल | ४४६ | १९ (४.२६) |
| लोकतान्त्रिक समाजवादी पार्टी | २१५ | १० (४.६५) |

*स्रोत : डिग्निटी इनिसियटिभ, २०७९ ।*

नेपालका प्रमुख राजनीतिक पार्टीको अभ्यास हेर्दा पार्टीको नीति निर्माण र कार्यान्वयन प्रक्रिया असमावेशी र अलोकतान्त्रिक प्रकृतिको छ । यसको एउटा उदाहरणका रूपमा उमेद्वार छनौट प्रक्रियालाई लिन सकिन्छ । राजनीतिक पार्टीका निर्णायक उच्चस्तरका नेतृत्वमा खसआर्य पुरुषको वर्चश्व रहेको छ, जो निर्वाचनमा सीमान्तीकृत समुदायलाई सहजै उमेद्वारी दिन चाहँदैनन् । उनीहरू प्रायजसोः आफ्नै समुदायका नेता-कार्यकर्ता वा समर्थक तथा निर्वाचनका लागि आवश्यक आर्थिक व्यवस्थापन गर्न सक्ने व्यक्तिलाई उमेद्वार बनाउन बढी जोड दिन्छन् । पार्टीहरूले सीमान्तीकृत समुदायका व्यक्तिसँग निर्वाचनका लागि आर्थिक स्रोतको अभाव हुने वा त्यस्ता व्यक्तिसँग पहुँच नहुने भएका कारण पनि सहजै टिकट नदिएको देखिन्छ । अर्कोतिर, सैद्धान्तिकरूपमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइएको हो तर पार्टीहरूले यो प्रणालीकै दुरूपयोग गरेर निरन्तर शासनसत्तामा प्रभुत्व जमाइरहेका समुदायकै प्रतिनिधित्व बढाइरहेका छन् । बिगतका निर्वाचनमा केही उदाहरण हेर्ने हो भने नेकपा (माओवादी-केन्द्र)का नेता दिनानाथ शर्मा, नेकपा (एमाले)का शंकर पोखरेल, अमृत कुमार बोहोरा, नेपाली कांग्रेसका गगन थापा र सुजाता कोइरालाजस्ता प्रभुत्वाली व्यक्ति समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएको इतिहास छ । २०७९ को संघीय निर्वाचनमा पनि नेपाली कांग्रेसका प्रभावशाली नेता डा. प्रकाश शरण महत र डा. आरजु राणा, नेकपा (एमाले)का रघुजी पन्त र राष्ट्रिय प्रजातन्त्र पार्टीका पशुपति शमशेर जबराजस्ता पार्टीको महत्त्वपूर्ण जिम्मेवारीमा रहेका शक्तिशाली नेता नै सीमान्तीकृत समुदायलाई छुट्याइएको समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित भएका छन् ।

चित्र नं. १३ ले २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत कुन समुदायले कति उमेद्वारी पाएका थिए भन्ने तथ्य स्पष्टरूपमा देखाउँछ ।

चित्र नं. १३ : प्रतिनिधिसभा, २०७९ को पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत विभिन्न जातजातिका उमेद्वार





*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

२०७९ प्रतिनिधिसभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ २ हजार ४१२ जनाले उमेद्वारी दिएका थिए । यसरी उमेद्वारी दिनमध्ये खसआर्यको संख्या सबैभन्दा धेरै अर्थात १ हजार ४६ जना (४३.३७ प्रतिशत) थियो । प्रतिनिधिसभा निर्वाचनमा दलित समुदायका १०१ जना (४.१९ प्रतिशत)ले उमेद्वारी दिएका थिए । तर प्रमुख राजनीतिक पार्टीहरूले दलित समुदायलाई भने अत्यन्तै थोरै संख्यामा उमेद्वार बनाएका थिए । प्रतिनिधिसभामा नेकपा (एमाले) एकजना र नेकपा (माओवादी-केन्द्र)ले दुईजना दलित समुदायबाट उमेद्वार बनाएको थियो भने नेपाली कांग्रेसले एकजना पनि दलितलाई उमेद्वार बनाएन । बरू २८ जना दलितले स्वतन्त्र उमेद्वारका रूपमा निर्वाचनमा सहभागी भएका थिए ।

यसैगरी, प्रदेशसभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत ३ हजार २२४ जनाले उमेद्वारी दिएका थिए । तीमध्ये खसआर्य समुदायका उमेद्वार १ हजार १०८ (३४.३७ प्रतिशत) थिए भने दलित समुदायका उमेद्वारको संख्या १६४ (५.०९ प्रतिशत) थियो । प्रतिनिधिसभामा जस्तै प्रदेशसभामा पनि प्रमुख राजनीतिक पार्टीहरूले दलित समुदायबाट अत्यन्तै न्यून मात्रामा उमेद्वारी दिएका थिए । प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत नेकपा (माओवादी-केन्द्र)ले ५ जना र नेकपा (एमाले)ले ४ जना दलितलाई उमेद्वार बनाएको थियो । तर, प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसले दलित समुदायका एकजनालाई पनि उम्मेद्वार बनाएन ।

चित्र नं. १४ : सात प्रदेशसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत विभिन्न जातजातिका उमेद्वार (२०७९)




*स्रोत : निर्वाचन आयोग र डिग्निटी इनिसियटिभ, २०७९ ।*

दलित समुदाय प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा उमेद्वारी पाउनेमा आशावादी थिए । तर, राजनीतिक पार्टीको मुख्य नेतृत्वले दलितलाई उमेद्वारको टिकट दिन चाहेनन् । यहाँ सम्झनै पर्ने एउटा महत्त्वपूर्ण पक्ष के छ भने राजनीतिक पार्टीले दलितलाई कतै उमेद्वार बनाएका भए पनि प्रायजसो पार्टीले निर्वाचन जित्ने सम्भावना अत्यन्तै कम भएको क्षेत्रमा उमेद्वार बनाइएको थियो । यसका केही उदाहरण हेरौं : २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा जनता समाजवादी पार्टी, नेपालले डडेल्धुरामा दलित समुदायका श्याम सिनाललाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाविरूद्ध उमेद्वार बनाएको थियो । यसैगरी लोकतान्त्रिक समाजवादी पार्टीले कैलाली निर्वाचन क्षेत्र नं. ५ मा दानबहादुर विश्कर्मालाई उमेद्वार बनाएको थियो भने राष्ट्रिय प्रजातन्त्र पार्टीले काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नं. १ मा पूर्ण बहादुर विश्वकर्मालाई उमेद्वार बनाएको थियो । यी उदाहरणले हेर्दा राजनीतिक पार्टीले दलितलाई प्रमुख राजनीतिक दलका शक्तिशाली उमेद्वारीवरूद्ध प्रतिस्पर्धामा उतारेको देखिन्छ भने अर्कोतिर राजनीतिक पार्टीको कमजोर संरचना र समर्थन भएका निर्वाचन क्षेत्रमा उमेद्वार बनाएको देखिन्छ । जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीको मूलतः मधेशमा बलियो पकड थियो । मधेशमा ती पार्टीका उमेद्वारले निर्वाचन जित्ने सम्भावना धेरै थियो । तर, ती राजनीतिक पार्टीले मधेशमा एकजना पनि दलितलाई उमेद्वार बनाएनन् ।

समग्रमा, राजनीतिक पार्टीहरूले समानुपातिक समावेशीकरणको सैद्धान्तिक मान्यतालाई औपचारिकरूपमा स्वीकार गरेका छन् तर व्यवहारिक कार्यान्वयनमा भने ती पार्टीहरू निकै कमजोर छन् । बिगतका निर्वाचनको तथ्याङ्कलाई हेर्दा प्रमुख राजनीतिक पार्टीहरूले उमेद्वारी दिंदा मूलतः खसआर्य पुरुषलाई प्राथमिकता दिने गरेको स्पष्टरूपमा देखिन्छ । यसरी पार्टीले निश्चित समुदाय र लिङ्गका

प्रतिनिधिलाई उमेद्वार बनाउँदा मतदाताको छनौट गर्ने अवसर सीमित हुन पुगेको छ । मधेशी, आदिवासी जनजाति, थारू र मुस्लिमलाई उनीहरूको ठूलो जनसंख्या र बलियो राजनीतिक पकड भएका निर्वाचन क्षेत्रमा मात्रै उमेद्वारी दिने गरेको देखिन्छ । त्यसबाहेक सीमान्तीकृत समुदायलाई उमेद्वार बनाउँदा भने पार्टीले हार्ने लगभग निश्चित भएका निर्वाचन क्षेत्रमा मात्रै उमेद्वारी दिने गरेको देखिन्छ । यसले महिला, दलित र अन्य बहिस्करणमा पारिएका समुदायले निर्वाचन जित्न सक्दैनन् भन्ने गलत भाष्य निर्माण गर्न र त्यस्तो भाष्यलाई थप प्रबर्द्धन गर्न बल पुऱ्याइरहेको छ । यसले सीमान्तीकृत समुदायलाई पहिलो हुने निर्वाचित हुने प्रणालीमा उमेद्वार बन्ने अवसर नै सीमित बनाइ रहेको छ । यस्तो परिस्थितिमा दलित, महिला र अन्य सीमान्तीकृत समुदायले निर्वाचित हुन समानुपातिक प्रतिनिधित्व प्रणालीमै भर पर्नुपर्ने बाध्यात्मक अवस्था निर्माण भएको छ ।

### *निर्वाचन प्रणालीका समस्या*

नेपालमा २०६४ बाट मिश्रित निर्वाचन प्रणालीअन्तर्गत समानुपातिक प्रतिनिधित्व प्रणालीको अभ्यास सुरू भएपछि सीमान्तीकृत समुदायको प्रतिनिधित्व केही हदसम्म बढ्न पुगेको छ । माथि चर्चा गरिएझैं नेपालमा पहिलो र दोस्रो संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अपनाइएको थियो, जसअन्तर्गत ४० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणाली र ६० प्रतिशत समानुपातिक प्रतिनिधित्व प्रणालीका लागि छुट्याइएको थियो । यस्तो व्यवस्थाले संविधानसभामा केही हदसम्म दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व संख्या बढ्न सम्भव बनायो । तर, २०७२ मा जारी गरिएको नयाँ संविधानमा समानुपातिक प्रतिनिधित्व प्रणालीमा फेरबदल गरिएको छ ।

एक, नयाँ संविधानमा गरिएको एउटा महत्त्वपूर्ण परिवर्तन भनेको समानुपातिक संख्या घटाइनु हो । संविधानसभाको निर्वाचनमा ४० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणाली र ६० प्रतिशत समानुपातिक प्रणालीका लागि छुट्याइएको थियो । तर नयाँ संविधानमा उक्त व्यवस्थालाई परिवर्तन गरेर मिश्रित निर्वाचन प्रणालीअन्तर्गत ६० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणाली र ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व प्रणाली हुने व्यवस्था गरिएको छ । दुई, नेपालको अन्तरिक संविधान, २०६३ ले खसआर्य समुदायलाई समानुपातिक प्रतिनिधित्व प्रणालीको सूचिमा समावेश गरेको थिएन । तर, २०७२ मा जारी संविधानले खसआर्यलाई पनि समानुपातिक प्रतिनिधित्व प्रणालीमा सुचिकृत गरेको छ । सोही व्यवस्थाका कारण माथि चित्रमा देखाइए जस्तै पहिलो हुने निर्वाचित हुने प्रणालीबाटै ठूलो संख्यामा प्रतिनिधित्व भइसकेका खसआर्यले नै समानुपातिक प्रतिनिधित्व प्रणालीबाट पनि सबैभन्दा धेरै सिट पाएका छन् । त्यसैले संघीय संसद र प्रदेशसभामा खसआर्य समुदायको प्रतिनिधित्व अत्यधिक मात्रामा बढ्दै गएको छ भने दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व निरन्तर घटिरहेको छ । दलित र सिमान्तीकृत समुदायको राजनीतिक प्रतिनिधित्वको दृष्टिले यो समानुपातिक समावेशीकरणविरुद्धको प्रतिगामी यात्रा हो ।

## निष्कर्ष

ऐतिहासिकरूपमा सीमान्तीकृत समुदायको राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन २०७२ को नयाँ संविधान र निर्वाचन प्रणालीमा केही नयाँ व्यवस्था गरिएका छन् । संविधानमा गरिएको व्यवस्थाका कारण बिगतको तुलनामा दलित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व केही मात्रामा बढ्दै गएको भए तापनि उनीहरूको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व भने हुन सकेको छैन ।

२०७९ को संघ, प्रदेश, र स्थानीय तहको निर्वाचन परिणामको विश्लेषणले खसआर्यको वर्चश्वले निरन्तरता पाएको देखाएको छ । वास्तवमा समानुपातिक प्रतिनिधित्व प्रणालीको अवधारणा नै मूलतः पहिलो हुने निर्वाचित हुने प्रणालीबाट सहजै प्रतिनिधित्व हुन नसक्ने समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सुरूआत गरिएको हो । तर, यो प्रणालीको प्रयोग विशेषगरी बिगतदेखि नै राज्यसत्तामा प्रभुत्व जमाइरहेका खसआर्यको संख्या बढाउनकै लागि प्रयोग भइरहेको छ । यसैगरी निर्वाचन परिणामको तथ्याङ्कले राज्यका मुख्य पदमा सीमान्तीकृत समुदायमाथिको बहिष्करणलाई निरन्तरता दिइरहेको देखाउँछ ।

राज्यको तीनै तहका कानुन, नीति बनाउने र कार्यक्रम तर्जुमा गर्ने महत्त्वपूर्ण निकायमा खसआर्य समुदायको दबदबा छ । यसलले ऐतिहासिक रूपमा सीमान्तीकरणमा पारिएका समुदायका आवाज दबाइने र उनीहरू सार्वजनिक अधिकार र सेवा सुविधाबाट समेत बञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने ठूलो जोखिम रहेको छ ।

## सुझाब

**प्रतिनिधिसभा र सरकार**

- समानुपातिक प्रतिनिधित्वको सिद्धान्त र त्यसको कार्यान्वयनको अवस्थालाई गम्भीररूपमा समीक्षा गरिनुपर्छ । निर्वाचनसँग सम्बन्धित सबै किसिमका संवैधानिक र कानुनी व्यवस्थाको समीक्षा गरी आवश्यक संशोधनमार्फत सबै समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।
- स्थानीय तह निर्वाचन ऐन, २०७३ को संशोधन गरी स्थानीय तहको मुख्य नेतृत्व तहमा महिला र सीमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी ऐनको संशोधन गरिनुपर्छ ।

**निर्वाचन आयोग**

- राजनीतिक पार्टीका सबै तहमा दलित र अन्य सीमान्तीकृत समुदायको जनसंख्याको आधारमा अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने नीति निर्माण र प्रभावकारी अभ्यास हुन जरूरी छ । निर्वाचन आयोगले सबै राजनीतिक पार्टी अनिवार्यरूपमा समानुपातिक समावेशी हुनै पर्ने व्यवस्थासहितको नीति निर्माण गरी लागू गर्नुपर्छ ।
- निर्वाचन आयोगले सबै निर्वाचनमा राजनीतिक पार्टीले उमेद्वारी दिँदा सामाजिक समुदायको जनसंख्याको अनुपातमा अनिवार्यरूपमा समानुपातिक प्रतिनिधित्व हुनेगरी उमेद्वारी दिनुपर्ने नीतिगत व्यवस्था गर्नुपर्छ ।
- पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा दलितका लागि कम्तीमा १३ प्रतिशत निर्वाचन क्षेत्र आरक्षित गर्ने कानुनी व्यवस्था गरिनुपर्छ । दलित उमेद्वारबीच मात्रै प्रतिस्पर्धा हुने ती निर्वाचन क्षेत्र भने प्रत्येक निर्वाचनमा परिवर्तन गर्न सकिने व्यवस्था गर्न सकिन्छ ।
- निर्वाचन आयोगले सरकारका सबै तहमा दलित र सीमान्तीकृत समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुने गरी निर्वाचनसम्बन्धी नीति संशोधनका साथै आवश्यक नीति निर्माण गर्नुपर्छ ।

**राजनीतिक पार्टी**

- राजनीतिक पार्टीले समावेशी लोकतान्त्रिक सिद्धान्तका आधारमा पार्टीको निर्वाचन समितिसहित सबै संरचनालाई समावेशी बनाउनु पर्छ । पार्टी संरचनालाई समावेशी र लोकतान्त्रिक बनाउनको लागि आवश्यक संवैधानिक व्यवस्था गरिनुका साथै पार्टीको विधान पनि संशोधन गरिनुपर्छ ।
- राजनीतिक पार्टीले आन्तरिक संरचना सुधार गरी पार्टीको सबै तहमा दलित र सीमान्तीकृत समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न ठोस कदम चाल्नुपर्छ ताकि ती पार्टीले सबै निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न सकुन् ।
- राजनीतिक पार्टीले दलित र सीमान्तीकृत समुदायको नेतृत्व विकास गर्ने र राज्यका सबै तहको निर्वाचनमा समावेशी उम्मेद्वारी दिने स्पष्ट कार्ययोजना बनाउनु पर्छ ।
- संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित दलित र सीमान्तीकृत समुदायका जनप्रतिनिधिलाई दिइएको जिम्मेवारी प्रभावकारी रूपमा सम्पन्न गर्ने वातावरण निर्माणका लागि सम्बन्धित राजनीतिक पार्टीले आवश्यक सहयोग गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ ।
- विभिन्न राजनीतिक पार्टीका महिला, दलित, आदिवासी जनजातिसँग सम्बन्धित संगठनले पार्टीका विभिन्न संरचना र निर्वाचनको उमेद्वारीमा समानुपातिक प्रतिनिधित्व सुनिश्चत गर्न पार्टीका मुख्य नेतृत्वलाई निरन्तर दबाब दिइरहनु पर्छ ।

**सरोकारवाला**

- लोकतन्त्र र सामाजिक न्यायका पक्षमा क्रियाशील अभियान्ता जस्तै : बौद्धिक जमात, विज्ञ, प्राज्ञ, राजनीतिज्ञ र सामाजिक संघसंस्था आदिले दलित र अन्य बहिस्करणमा पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि आवश्यक संवैधानिक र कानुनी व्यवस्थामा परिवर्तनका लागि प्रभावकारी दबाब दिनुपर्छ ।
- राज्यको माथिल्लो तहदेखि स्थानीय स्तरसम्म दलित र सीमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि सरोकारवालाहरूलाई दबाब दिनका लागि बहिष्करणमा पारिएका समुदायबीच रणनीतिक साझेदारी गरिनुपर्छ ।
- राजनीतिक पार्टीमा आबद्ध दलित, राजनीतिक पार्टीका दलित भातृ संगठन र नागरिक समाजले दलित नै समानुपातिक प्रतिनिधित्व सुचिश्चि गर्नका लागि आवश्यक राणनीतिसहित आन्दोलन गर्न जरुरी भएकोले कार्ययोजना निर्माण गरी प्रतिफल नहुँदासम्म निरन्तर संघर्ष गर्न आवश्यक छ ।

**डिग्नीटी इनिसियटिभ** दलित समुदायका अनुसन्धाता र अधिकारकर्मीहरूद्धारा स्थापित सामाजिक संस्था हो । जातमा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण नेपालका दलितमाथि अहिले पनि राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण र छुवाछूत–भेदभावसहितको सामाजिक–सांस्कृतिक विभेद कायमै छ । यस किसिमको विभेदकारी व्यवस्था अन्त्य गरी सबैले न्याय, समानता, आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्था निर्माणका लागि नेपालका दलित समुदाय सात दशकभन्दा लामो समयदेखि निरन्तर संघर्ष गरिरहेका छन् । संघर्षकै परिणाम केही संवैधानिक र कानुनी अधिकारको व्यवस्था भएका छन् भने तुलनात्मकरूरुपमा दलितमाथिका विभेदमा केही कमी आएको छ । यद्यपि, ऐतिहासिकरूपमा  विभेद र बहिस्करणमा पारिएका दलित समुदायबारे अध्ययन, अनुसन्धान, आलोचनात्मक सार्वजनिक बहस पर्याप्त मात्रामा हुन सकेका छैनन् अर्थात ज्ञान उत्पादनका क्षेत्रमा अत्यन्तै थोरै मात्रामा काम भएका छन् । अर्कोतिर, नेपालमा ज्ञान उत्पादनका क्षेत्रमा क्रियाशील संघसंस्था, विश्वविद्यालयका साथै बौद्धिक र प्राज्ञिक क्षेत्रले पनि दलित मुद्दामा पर्याप्त मात्रामा काम गरेका छैनन् । त्यसैले दलित समुदायका बहुआयमिक सवालमा अध्ययन–अनुसन्धान तथा ज्ञान उत्पादन गर्ने, आलोचनात्मक सार्वजनिक बहस गर्ने र दलित आन्दोलनलाई सघाउ पुऱ्याउने काममा यो संस्था क्रियाशील छ ।

DIGNITY INITIATIVE

काठमाडौं-३२, अनामनगर
फोन : ९७७ १ ५७०५०९९
इमेल : info@dignityinitiatives.org
वेब : www. dignityinitiatives.org